# मधेशी आयोग

ज्वागल, ललितपुर

फोन नं: ०१-५२६११८५
टोलफ्रि नं: १६६००११६१८५
मिति : २०७९।१२।१९

## प्रेस बिज्ञप्ति

**"धार्मिक र सामाजिक स्वतन्त्रता कायम गरियोस !"**

विगत एक दशकदेखि लगातार रुपमा संविधानको प्रस्तावनामा लेखिएको **"धार्मिक विभेद गर्न नपाइने"** माथिको क्रमिक प्रहार, भाग १ को धारा ४ को स्पष्टीकरण विपरीतका कार्य, भाग ३ को धारा १७ (२) (ख) विपरीतका कार्यहरु, भाग ३ को धारा १८ को विपरीत, भाग ३ को धारा २६ विपरीतका र धारा ४८ विपरीतका कार्यहरु केहि व्यक्ति, संस्था वा निकायबाट क्रमशः हुंदै आएका छन् । यस्ता गतिविधिबाट मुलुकको विविध पक्षमा अल्पकालिन र दीर्घकालिन असर पर्ने देखिन्छ ।
कुनै एउटा क्षेत्र एउटै धर्मावलम्बीको हो भन्नु धर्म निरपेक्ष मुलुकमा कसरी सम्भव हुन्छ ? ती क्षेत्रहरुमा धार्मिक यात्रा जाने वित्तिकै आक्रमण हुने गरेको र कपिलवस्तुमा हत्या समेत भएको थियो । ठिक त्यस्तै, धार्मिक यात्रामा रौतहट, महोत्तरी, धनुषा, सप्तरी, सुनसरीमा घटनाहरु दोहोरिएको देखिन्छ । विजयादशमीको कलश यात्रा- मुर्ती सेलाउने, छठ पर्वको अवसरमा, सरस्वती पुजाको अवसरमा र मुर्ती सेलाउने क्रममा जुत्ता - चप्पल मुर्ति माथि फाल्ने, मुर्तिहरुलाई अंग-भंग गर्ने वा त्यसमाथि मल-मुत्र फाल्ने, रामनवमीको धार्मिक यात्रा, कृष्णाष्टमी, महाशिवरात्रीको धार्मिक उत्सवमा विघ्न-वाधा पुऱ्याउने, धार्मिक भावना माथि ठेस पुऱ्याउने, पदीय दायित्व वहन गर्ने पदाधिकारीवाट धार्मिक हिंसा भड्काउने गरी भाषण गर्ने आदि कार्यहरु क्रमिक र नियोजित रुपमा भईरहेको छ भनी उजुरीहरु प्राप्त भएका छन् ।

यस्ता किसिमका संविधान र कानुन विपरीतका कार्यहरू तत्कालै रोक्न स्थानीय प्रशासन, स्थानीय तह, प्रदेश सरकार र संघीय सरकारको प्रमुख दायित्व रहन्छ । स्थानीय प्रशासनलाई पूर्ण जिम्मेवारीका साथ जनतामा प्रस्तुत हुन समेत मधेशी आयोग अपिल गर्दछ । तसर्थ, संघीय सरकारले एउटा "स्वतन्त्र न्यायिक आयोग" वनाई विगतदेखि वर्तमान सम्मका घटनाहरुको निरुपण गरोस् जसवाट भविष्यमा पनि कसैले यस्ता खाले अपराध गर्ने आट समेत गर्न नसकोस् ! मुलुकको विविधता नै नेपालको सुन्दरता हो सबै नेपालीजनतामा यही सुभावना जागोस् ।

(रुद्र प्रसाद लामिछाने)
सचिव

Email: madheshicommission@gmail.com
"व्यावसायिक र सिर्जनशील प्रशासन : विकास, समृद्धि र सुशासन"
आयोगको हेल्पलाईन नं. ११४८